Symbol No. ....................

RE - 1051'KoP'

SEE 2082 (2026)

अनिवार्य सामाजिक अध्ययन

समय : ३ घण्टा                                                  पूर्णाङ्क : ७५

*दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :*

## समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** (११×१=११)

१. राष्ट्रिय पहिचान भनेको के हो ?

२. मानव विकास सूचकाङ्कको गणना किन आवश्यक छ ? एउटा कारण लेख्नुहोस् ।

३. दाइजो प्रथाले समाजमा पार्न सक्ने कुनै एउटा असर लेख्नुहोस् ।

४. समाजमा अन्धविश्वास हटाउन तपाईं के गर्न सक्नुहुन्छ ? तपाईंले गर्न सक्ने कुनै एक कार्य लेख्नुहोस् ।

५. दोस्रो विश्वयुद्धमा नेपाली फौजले कुन देशको तर्फबाट युद्ध लडेका थिए ?

६. युरोपका राष्ट्रहरूबिच गुटबन्दी नभएको भए प्रथम विश्वयुद्ध हुँदैनथ्यो, किन ?

७. वैदेशिक रोजगारीका कुनै एक नकारात्मक प्रभाव लेख्नुहोस् ।

८. नोट सफा र सुरक्षित राख्नका लागि सचेतना जगाउने एउटा नारा लेख्नुहोस् ।

९. सूचना तथा सञ्चार प्रविधि भनेको के हो ?

१०. नेपालको जडीबुटीलाई विश्वव्यापीकरण गर्न के गर्नुपर्छ ? एक वाक्यमा उल्लेख गर्नुहोस् ।

११. जथाभावी फोहोर गर्ने व्यक्तिलाई तपाईं के भनेर सम्झाउनुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

## समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** (९×४=३६)

१२. "सामाजिकीकरणमा घर परिवारको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ" यस भनाइलाई आफ्नो अनुभव समेतको आधारमा प्रष्ट पार्नुहोस् ।

१३. सङ्घीय शासन प्रणालीका विशेषता चार बुँदामा उल्लेख गर्नुहोस् ।

१४. "सम्पदा संरक्षणमा स्थानीय सरकारको भूमिका" शीर्षकमा सम्पादकीय तयार पार्नुहोस् ।

१५. "हाम्रा राष्ट्रिय दिवस हाम्रा गौरव हुन् ।" यस भनाइलाई पुष्टि गर्नुहोस् ।

अथवा

नेल्सन मन्डेला र मलाला युसुफ्जाईको जीवनीबाट युवाहरूले कस्ता प्रेरणा लिनुपर्छ ? दुई दुईओटा बुँदा लेख्नुहोस् ।

१६. नेपालमा भ्रष्टाचार न्यूनीकरणका लागि गर्नुपर्ने चार कार्य लेख्नुहोस् ।

१७. व्यवस्थापिकाका कुनै चार कार्य लेख्नुहोस् ।

क्रमशः

CamScanner

१८. उष्ण मनसुनी हावापानीका कुनै चारओटा विशेषता उल्लेख गर्नुहोस् ।

१९. संयुक्त राष्ट्रसङ्घका अङ्गहरूमध्ये कुनै एक अङ्गको परिचय र कार्यसम्वन्धमा दुई साथीबिचको संवाद तयार पार्नुहोस् ।

२०. पारिवारिक योजना भनेको के हो ? यसको महत्त्व तीन बुँदामा उल्लेख गर्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** (४×७=२८)

२१. देशमा शान्ति र सुशासन कायम गर्दै देशलाई समृद्ध बनाउन सङ्घीय सरकारको भूमिका कस्तो हुनुपर्छ ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस् ।

२२. पृष्ठभरिको नेपालको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) कञ्चनजङ्घा हिमाल (ख) पोखरा
(ग) पूर्वपश्चिम राजमार्ग (घ) कपास उत्पादन क्षेत्र

वा

पृष्ठभरिको उत्तर अमेरिका महादेशको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) रक्की पर्वत (ख) पनामा नहर
(ग) न्यूयोर्क (घ) हड्सनको खाडी

**दृष्टिविहीनका लागि मात्र**

भूकम्पवाट आफ्नो परिवारमा धनजनको क्षति हुन नदिन तपाईं के के उपाय अपनाउनुहुन्छ ? कुनै सात उपाय लेख्नुहोस् ।

२३. नेपालको इतिहासमा वि.सं. २०४७ सालपछि भएका सामाजिक तथा राजनीतिक परिवर्तनहरू उल्लेख गर्नुहोस् ।

२४. 'ग्रामीण क्षेत्रको विकासमा सहकारीको महत्त्व' शीर्षकमा एउटा पत्रिकाका लागि लेख तयार पार्नुहोस् ।



CamScanner